# अख्तियार दुरुपयोग अनुसन्धान आयोग,
# टङ्गाल, काठमाडौं

मिति: २०८३।०४।२५ गते।

## प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

नेपालगन्ज उप-महानगरपालिका वडा नं. २० का वडा अध्यक्षसमेतले पदको दुरूपयोग गरी सरकारी कागजात सच्याएको भन्नेसमेत बेहोराको प्राप्त उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा नेपालगन्ज उप-महानगरपालिका वडा नं.२० का वडा अध्यक्ष कौशल कुमार धोवी, वडा सचिव वीर बहादुर थापा मगर, भ्रष्टाचार तथा सम्पत्ति शुद्धीकरण मुद्दा (मुद्दा नं. ०८२-cr-०१०३) का प्रतिवादीहरू विकास कुमार चापागाई, रविन्द्र लामिछानेसमेतको आपसी मिलेमतो तथा योजनामा आफूसमेतका प्रतिवादीहरूलाई गैरकानुनी लाभ प्राप्त गर्ने गराउने बदनियतले सम्मानित विशेष अदालतमा बिचराधीन रहेको निज रविन्द्र लामिछानेसमेत प्रतिवादी भएको घुस/रिसवत बुझी लिई सम्पत्ति शुद्धीकरण गरेको मुद्दामा योजनाबद्ध रूपमा प्रमाण सिर्जना गर्ने गराउने बदनियतले मिति २०७९/०४/१० गतेको रविन्द्र लामिछाने र विकास कुमार चापागाईको जिल्ला भक्तपुर, मध्यपुर थिमी नगरपालिका वडा नं. १७ कित्ता नं. ९९८ क्षेत्रफल १६४.१४ व.मि.को जग्गा खरिद प्रयोजनार्थ रू.७०,००,०००/-(सत्तरी लाख रूपैयाँ) लेनदेनको झुट्टा तथा नक्कली करारनामा तयार गरी गराई वडा कार्यालयको आ.व. २०७९/८० को लिखत प्रमाणित दर्ता किताब मिति २०८३ सालमा सच्याई थपघट गरी गराई प्रमाणित गरेको तथा हाल प्रयोग प्रचलनमा रहेको वडा कार्यालयको सरकारी छापको दुरूपयोगसमेत गरे गराई प्रतिवादीहरूले गैरकानुनी लाभ लिएको पुष्टि भएको साथै वडा अध्यक्ष कौशल कुमार धोवी र वडा सचिव वीर बहादुर थापासमेतले आफ्नो पद तथा ओहदाको दुरूपयोग गरी गराई मिति २०८३/०३/२९ गते च.नं. ७२४० को विवरणसमेत फेरबदल गरी गराई च.नं. ७२४२ गतेको झुट्टा विवरण सहितको गलत लिखत तयार गरे गराई आयोगको अभिलेखमा रहने गरी पत्राचार गरे गराएको पुष्टि भएकोले निज प्रतिवादीहरूको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ र ११ बमोजिमको कसुर भएको हुँदा निज प्रतिवादीहरूलाई देहायबमोजिमको कसुरमा देहायबमोजिम सजाय हुन मागदाबी लिई आज बिशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

**देहायः**

| क्रस | नामथर पद र कार्यालय | कसुर तथा सजायको मागदाबी |
|---|---|---|
| १. | नेपालगञ्ज उप-महानगरपालिका वडा नं. २० का वडा अध्यक्ष **कौशल कुमार धोवी** | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ र दफा ११ बमोजिमको कसुरमा सोही ऐनको दफा ९ र दफा ११ बमोजिम कैद र जरिवाना सजाय हुन मागदाबी लिइएको छ। |
| २. | नेपालगञ्ज उप-महानगरपालिका वडा नं. २० का वडा सचिव **वीर बहादुर थापा मगर** | भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ९ बमोजिमको कसुरमा सोही ऐनको दफा ९ बमोजिम कैद र जरिवाना सजाय हुन मागदाबी लिइएको छ। |
| ३. | जिल्ला बाँके, नेपालगञ्ज उपमहानगरपालिका वडा नं. २० | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ र दफा ११ बमोजिमको कसुरजन्य कार्यको गैरकानुनी लाभ लिने प्रकृतिको मतियार भई सोही ऐनको |

| | | |
|---|---|---|
| | बस्ने **रविन्द्र लामिछाने** र जिल्ला उदयपुर, चौदण्डीगढी नगरपालिका वडा नं. ५ बस्ने **विकास कुमार चापागाई** | दफा २२ बमोजिमको कसुर भएको हुँदा मुख्य कसुरदारहरूलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ र दफा ११ बमोजिम हुने सजायलाई आधारमानी सोही ऐनको दफा २२ को प्रतिबन्धात्मक वाक्याँश बमोजिम मुख्य कसुरदार सरह सजाय हुन मागदाबी लिइएको छ। |

प्रवक्ता
सुरेश न्यौपाने